त्रि.वि.बाट सम्बन्धन प्राप्त

# पोखरा बहुमुखी क्याम्पस

(विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, २०२५)

# शैक्षिक बुलेटिन

वर्ष ५ अंक २, माघ-असार (२०८२।०८३)

## विषयसूची


| | | |
|---|---|---|
| १. | पोखरा बहुमुखी क्याम्पस र शिनावात्र विश्वविद्यालय सहकार्य सम्झौता (माघ १३) | १ |
| २. | ICT तथा AI सम्बन्धी ३ दिने तालिम (माघ १५-१७) | १ |
| ३. | भिम-उत्तिम छात्रवृत्ति पुरस्कार (माघ २१ गते) | १ |
| ४. | जलवायु परिवर्तन सम्बन्धी समुदाय सचेतना कार्यक्रम (माघ २३) | २ |
| ५. | बिबिएसका विद्यार्थीलाई रिपोर्ट लेखन अभिमुखीकरण (फागुन १४) | २ |
| ६. | लक्ष्मी गुरुङ आर्थिक सहयोग (फागुन १५ गते) | २ |
| ७. | जातीय विभेद विरुद्ध अभिमुखीकरण (चैत १०) | २ |
| ८. | स्व. गणेश गुरुङ अक्षयकोष स्थापना (चैत २३ गते) | ३ |
| ९. | भित्तेपात्रो विमोचन तथा नयाँ वर्ष २०८३ शुभकामना आदान प्रदान कार्यक्रम (चैत्र २७) | ३ |
| १०. | दुई दिने 'कन्टेन्ट क्रियशन' तालिम सम्पन्न (जेष्ठ ७ र ८) | ३ |
| ११. | पत्रकार सम्मेलन २०८३ (जेष्ठ १३) | ३ |
| १२. | राष्ट्रिय अनुसन्धान सम्मेलन (जेष्ठ १५-१६) | ३ |
| १५. | जर्नल अंक -५ प्रकाशन (जेष्ठ १५) | ४ |
| १३. | विद्यार्थीका सामाजिक समूह गठन (जेष्ठ १८) | ४ |
| १४. | शैक्षिक गुणस्तर सम्बन्धी संयुक्त बैठक (जेष्ठ २४) | ४ |


### पोखरा बहुमुखी क्याम्पस र शिनावात्र विश्वविद्यालयबिच सहकार्य सम्झौता






थाइल्याण्डमा अवस्थित सिनावात्र विश्वविद्यालय र पोखरा बहुमुखी क्याम्पसबिच आपसी सहयोग र सहकार्यका लागि सम्झौता सम्पन्न भएको छ । गत माघ १३ गते थाइल्यान्डमा आयोजित रिसर्च गोष्ठीका सन्दर्भमा उक्त युनिभर्सिटी र क्याम्पसबिच सहायक प्राध्यापक भीमप्रसाद न्यौपानेको संयोजकत्वमा सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । सिनावात्र विश्वविद्यालयका सहायक डिन डा. इमेल्डा हेर्मिलिन्डा एबास, विश्वविद्यालयका असिस्टेन्ट प्रोफेसर डा. प्रतीक्षा भण्डारी र पोखरा बहुमुखी क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख शिशुकला पराजुली र कार्यक्रमका संयोजक भीमप्रसाद न्यौपानेले हस्ताक्षर गर्नुभएको थियो । उक्त सम्झौतामा क्याम्पसका शैक्षिक गतिविधि, अनुसन्धान अनुभव र शैक्षिक संस्थाको उन्नयन साथै पेसागत विकास, अनुसन्धानात्मक सहकार्य, विद्यार्थी र शिक्षकलाई नयाँ परिवेशमा सहकार्य गर्न सकिने बारेमा सम्झौता गरिएको थियो । कार्यक्रममा क्याम्पसको तर्फबाट शिशुकला पराजुलीले क्याम्पस सञ्चालक समितिका अध्यक्ष शंकर गुरुङले भर्चुअल मन्तव्य राख्नुभएको थियो । सिनावत्र विश्वविद्यालयका तर्फबाट डा. प्रतीक्षा भण्डारीले शुभकामना दिनु भएको थियो ।

### ICT तथा AI सम्बन्धी ३ दिने तालिम (माघ १५-१७)






शिक्षण तथा प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाउने उद्देश्यका साथ प्राध्यापक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८२ माघ १५-१७ गतेसम्म ३ दिने ICT तथा AI सम्बन्धी तालिम सञ्चालन गरियो । तालिममा आधारभूत ICT सिप शिक्षण सिकाइ, सिकाइमा कृत्रिम बुद्धिमता (AI) को प्रयोग तथा पाठशाला एपको प्रभावकारी प्रयोग सम्बन्धी व्यवहारिक ज्ञान र सिप प्रदान गरिएको थियो । तालिममा सहजकर्ताका रूपमा ई. कुशल कठायत र प्राविधिक सहयोगीका रूपमा विशेष गौतमले सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्नुभएको थियो ।

### भिम-उतिम छात्रवृत्ति पुरस्कार (माघ २१ गते)





For Details
Pokhar-9, Shantiban | Tel: 061-571113, 571114, 9856041000
Email: pokharamultiplecampus@gmail.com
Log on to www.pmcpokhara.edu.np

क्याम्पसको समग्र शैक्षिक उन्नयनका लागि उत्कृष्ट तथा मिहिनेती विद्यार्थीलाई अध्ययनमा प्रेरित गर्न तथा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई शैक्षिक सहयोग प्रदान गरी अध्ययनमा निरन्तरता दिलाउने उद्देश्यले स्व. बुवा आमा भीम-उत्तीमको स्मृतिमा छोराछोरी गोविन्द शेरचन र पूर्ण कुमारी शेरचनले शैक्षिक पुरस्कार स्थापना गर्नु भएको थियो ।

"भिम-उत्तिम स्मृति शैक्षिक पुरस्कार तथा छात्रवृति" विशेष समारोह आयोजना गरी १० जना विद्यार्थीलाई रु. १०,०००।- प्रति विद्यार्थी वितरण गरियो ।

यस वर्षको शैक्षिक पुरस्कार प्राप्त गर्नेमा व्यवस्थापन तथा मानविकी संकायबाट प्रशंसा थारु, पार्वती विश्वकर्मा, सन्जान ढुंगाना, स्मृति जी.टी., संकल्प थापा, बिमला श्रेष्ठ, सन्दिप सुर्खेती , रेविका राइ, निरमाया थापा मगर र दुर्गा अधिकारी रहनुभएको थियो । साथै निजहरूबाट स्थापित ४ लाखको अक्षयकोषको शैक्षिक छात्रवृत्ति वार्षिकोत्सवको अवसर पारेर वितरण गरिँदै आएको छ ।

## जलवायु परिवर्तन सम्बन्धी समुदाय सचेतना कार्यक्रम (माघ २३)





जलवायु परिवर्तन यसका असर तथा न्यूनीकरणका उपायसम्बन्धी एक दिवशीय समुदाय सचेतना कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा जलवायु परिवर्तनका कारण तथा समुदायमा परेको प्रभाव, जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणका व्यवहारिक उपाय बारे जानकारी प्रदान गरिएको थियो । कार्यक्रमको सहजीकरण डिभिजन वन कार्यालय, कास्कीका डिएफओ श्री कोमलराज काफ्लेले गर्नुभएको थियो । कार्यक्रममा १२० जनाको उपस्थिति रहेको थियो भने सहभागीहरुले यस कार्यक्रमबाट वातावरण संरक्षणप्रति आफूहरूको चासो बढेको र जिम्मेवार बन्न प्रेरित भएको बताउनु भएको थियो ।

## बिबिएसका विद्यार्थीलाई रिपोर्ट लेखन अभिमुखीकरण (फागुन १४)



बिबिएस चौथो वर्षमा अध्ययनरत विद्यार्थीका लागि अनुसन्धानमूलक लेख लेखन, लेखको संरचना, लेखन विधि, तथ्यपरक जस्ता विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले एक दिने रिपोर्ट लेखन कार्यक्रम आयोजना गरियो । अभिमुखीकरणको सहजीकरण पोखरा बहुमुखी क्याम्पस अनुसन्धान परामर्शदाता डा.जस बहादुर गुरुङले गर्नुभएको थियो । कार्यक्रममा ३० जना विद्यार्थी सहभागी थिए । कार्यक्रमको संयोजन क्याम्पस अनुसन्धान व्यवस्थापन समिति संयोजक दिपक प्रसाद घिमिरेले गर्नुभएको थियो ।

## लक्ष्मी गुरुङ आर्थिक सहयोग (फागुन १५ गते)



क्याम्पसको शैक्षिक उन्नयन सहयोगार्थ पोखरा रत्नचोक निवासी शिक्षासेवी सुश्री लक्ष्मी गुरुङले रु. १,००,१५०।- अक्षरुपी एक लाख एक सय पचास आर्थिक सहयोग प्रदान गर्नुभयो । सोही दिन क्याम्पसका आजीवन सदस्य श्री विजय कुमार गुरुङ मार्फत उक्त रकम क्याम्पसमा प्राप्त भएको थियो ।

## जातीय विभेद विरुद्ध अभिमुखीकरण (चैत १०)




६१ औ रंगभेद तथा जातीय विभेद उन्मूलन दिवसको अवसरमा मंगल बार मानव अधिकारका लागि दलित महिला सशक्तीकरण नेपालले क्याम्पसमा लैङ्गिक तथा जातीय हिंसा सम्बन्धी अभिमुखिकरण कार्यक्रम गऱ्यो । घर परिवार र समाजलाई विभेद मुक्त राख्न सबैले विद्यार्थी जीवनबाटै सिक्नु पर्ने मान्यतामा कार्यक्रम गरिएको हो । कार्यक्रममा जातीय, लैङ्गिक, र सामजिक विभेद र यसबाट व्यक्तिगत रुपमा आउन सक्ने समस्याहरु बारे विद्यार्थीलाई प्रष्ट पारिएको थियो । उक्त अभिमुखीकरणको सहजीकरण जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी निरीक्षक होतबहादुर रोक्काले गर्नुभयो । कार्यक्रममा विभेद र हिंसाका कारण समाजमा पछिल्लो क्रममा बलात्कारजस्ता जघन्य अपराधहरु भैरहेको जनाउदै यस्ता

घटनाका सम्बन्धमा भएका कानुनी व्यवस्थाहरुका विषयमा प्रष्ट पार्दै युवाहरुलाई समाजमा भएका विकृति र विसंगतिबाट बच्न सचेत गराइएको थियो ।

### स्व. गणेश गुरुङ अक्षयकोष स्थापना (चैत २३ गते)



क्याम्पस सञ्चालक समितिका कोषाध्यक्ष समीर गुरुङले चैत २३ गते, स्वर्गीय बुबा गणेश गुरुङको स्मृतिमा रु. २,००,१११-अक्षरुपी दुइ लाख एक सय एघारको अक्षयकोष स्थापना गर्नुभयो । गरिव तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन र क्याम्पसको गुणस्तर अभिवृद्धिका लागि सहयोग स्वरुप उक्त अक्षयकोष स्थापना गरेको उहाँले बताउनुभयो । स्व.गणेश गुरुङको क्याम्पस स्थापनादेखि स्थायित्वसम्मको लागि अत्यन्तै ठूलो योगदान रहेको छ ।

### भित्तेपात्रो विमोचन तथा नयाँ वर्ष २०८३ शुभकामना आदान प्रदान कार्यक्रम (चैत्र २७)



नयाँ वर्ष २०८३ का सन्दर्भमा चैत २७ गते शैक्षिक क्यालेण्डर विमोचन तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो । क्याम्पस सञ्चालक समितिका पदाधिकारी तथा क्याम्पस प्रमुखले उक्त क्यालेण्डर विमोचन गर्नुभएको थियो । उक्त कार्यक्रममा सञ्चालक, सल्लाहकार, प्राध्यापक, कर्मचारी र विद्यार्थीबिच आपसमा शुभकामना आदान प्रदान गरिएको थियो ।

### दुई दिने "कन्टेन्ट क्रियसन" तालिम सम्पन्न (जेष्ठ ७ र ८)





क्याम्पसमा क्रियाशिल विद्यार्थी समूह नेचर क्लब, विद्यार्थी कल्याणकारी सङ्घ र विद्यार्थी गुणस्तर सर्कल (SQC)को संयुक्त आयोजनामा अध्ययनरत विद्यार्थीहरूका लागि दुई दिने Capacity Development Training on Content Creation सम्बन्धी क्षमता विकास तालिम सम्पन्न भयो । तालिमको सहजकर्ताका रुपमा यसै क्याम्पसमा बि.ए. तेस्रो वर्षमा अध्ययनरत विनोद ढुङ्गाना रहेका थिए ।

### पत्रकार सम्मेलन २०८३ (जेष्ठ १३)



क्याम्पसमा जेठ १५ र १६ गते आयोजना गर्न लागेको राष्ट्रिय अनुसन्धान सम्मेलन Emerging Trends in Management and Social Sciences Education-2026 का विषयमा जानकारी दिनका लागि जेठ १३ गते पत्रकार सम्मेलन आयोजना गरियो । पत्रकार सम्मेलनमा विभिन्न राष्ट्रिय र स्थानीय गरी ३० जना पत्रकारहरुको सहभागिता रहेको थियो । सम्मेलनको सहजीकरण सहायक प्राध्यापक भानु पराजुलीले गर्नुभयो ।

### राष्ट्रिय अनुसन्धान सम्मेलन (जेष्ठ १५-१६)




शैक्षिक क्षेत्रमा भएको नवीनतम अभ्यास, प्रविधि र अवधारणाको आदान प्रदान तथा अनुसन्धान संस्कृतिको विकास गर्ने उद्देश्यका साथ पोखरा बहुमुखी क्याम्पसले आयोजना गरेको "Emerging Trends in Management and Social Sciences Education" (व्यवस्थापन तथा सामाजिक विज्ञानमा उदयमान प्रवृत्ति) विषयक अनुसन्धान राष्ट्रिय सम्मेलन - २०८३ जेठ १५ र १६ गते सम्पन्न भयो । उक्त कार्यक्रममा देशभरका विभिन्न विश्वविद्यालय र क्याम्पससँग आबद्ध प्राज्ञिक व्यक्तित्व, अनुसन्धान कर्ता, तथा विद्यार्थीको सहभागिता रहेको थियो ।



कार्यक्रमको उद्घाटन त्रिभुवन विश्वविद्यालयका निमित्त रजिस्ट्रार तथा व्यवस्थापन संकायका डीन प्रा.डा. महानन्द चालिसेले गर्नुभएको थियो । यस सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विषय विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूका अनुसन्धानमूलक लेख गरी जम्मा ४० वटा अनुसन्धानमूलक लेखहरू प्रस्तुत भएका थिए ।

यसैगरी प्यानल डिस्कसनमा प्रा.डा. लेखनाथ भट्टराई, पो.उ.वा. संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखे र ग्रीन डेभलपमेन्ट बैंकका कार्यकारी अधिकृत हरि बुढाथोकी रहनु भएको थियो । कार्यक्रम क्याम्पस सञ्चालक समितिका अध्यक्ष शंकर गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत मन्तव्य क्याम्पस प्रमुख शिशुकला पराजुलीले राख्नुभएको थियो । कार्यक्रमको संयोजन यस क्याम्पसका सहायक प्राध्यापक भिम प्रसाद न्यौपानेले गर्नुभएको थियो ।

क्याम्पसको तर्फबाट सहायक प्राध्यापकहरु ध्रुवबहादुर के.सी., विदुर पराजुली, भानुभक्त पराजुली, स्मीता अधिकारी, भिमप्रसाद न्यौपाने, विद्यार्थी गणेश रामदाम र सविना मगरले अनुसन्धानपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा Key note Speaker को भूमिकामा डा. चन्द्रा भद्रा, गण्डकी विश्वविद्यालयका कुलपति प्रोफेसर डा. इन्द्र प्रसाद तिवारी तथा थाइल्याण्डको शिनावात्र विश्वविद्यालयका पूर्व डिन प्रमुख वक्ताकोरुपमा रहनुभएको थियो ।

## जर्नल प्रकाशन तथा विमोचन (जेष्ठ १५)

यस क्याम्पसले उच्चस्तरीय अनुसन्धान तथा प्राज्ञिक गतिविधिहरुलाई संस्थागतरुपमा प्रवर्धन गर्ने उद्देश्यका साथ निरन्तर रूपमा प्रकाशित हुँदै आएको Intelligence Journal of Multidisciplinary Research, (A Peer Reviewed International Journal) Vol. 5 Issue I प्रकाशन गरी विमोचन भएको छ । यस प्रकाशनले आगामी दिनमा अनुसन्धानात्मक कार्यलाई झन् सुदृढ र प्रभावकारी बनाउने विश्वास लिइएको छ ।






## विद्यार्थीका क्रियाशील समूह गठन मिति (जेष्ठ १८)



शैक्षिक गुणस्तर, सहकार्य, सिर्जनशीलता, सामाजिक उत्तरदायित्व र जिम्मेवार नेतृत्व विकासका लागि स्थापित विद्यार्थी समूहहरू विद्यार्थी कल्याणकारी सङ्घ, विद्यार्थी गुणस्तर सर्कल (SQC) र नेचर क्लब पुर्न गठन गरियो । क्रमशः अध्यक्षमा रोहित गुरुङ, आरती पौडेल र गणेश बहादुर रामदाम सर्वसम्मत चयन हुनुभएको थियो ।

## शैक्षिक गुणस्तर सम्बन्धी संयुक्त बैठक (जेष्ठ २४)



क्याम्पसको समग्र विकासका लागि सञ्चालक समिति, प्राध्यापक र कर्मचारीबीच संयुक्त बैठक पोखरा २५ हेम्जा अवस्थित सुइखेत भ्याली रिसोर्टमा बस्यो । बैठकमा आ.व. २०८३/०८४ को शैक्षिक गुणस्तर, संस्थागत सुशासन र क्याम्पसको दीर्घकालीन विकासका लागि प्रस्तावित नीति तथा योजना तर्जुमा गरियो ।



For Details
Pokhar-9, Shantiban | Tel: 061-571113, 571114, 9856041000
Email: pokharamultiplecampus@gmail.com
Log on to www.pmcpokhara.edu.np

सम्पादक मण्डल
महेन्द्र प्रसाद रिमाल
स्मिता अधिकारी
ईस्वर श्रेष्ठ